# गौरादह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा
कोशी प्रदेश, नेपाल

प्र.सं. २०८३/०८४
च.नं.

मिति- २०८३/०६/२१

## दण्ड, सजाय तथा जरिवाना सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा चालु आ.व. २०८३/०८४ का लागि गौरादह नगरपालिकाको आर्थिक ऐन २०८३ को अनुसुचि १४ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रहि कानून विपरित कार्य गर्ने वा नगरपालिकाको आदेशको अवज्ञा गर्नेको हकमा देहाय बमोजिमको दण्ड जरिवाना गर्ने गरी दर रेट स्विकृत गराएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**१.११. दण्ड सजाय तथा जरिवाना :**

| सि.न. | विवरण | स्विकृत दर रु | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएका व्यक्तिगत घटना | निशुल्क | |
| २ | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | संघिय कानुन बमोजिम हुने | |
| ३ | नगरपालिकाले तोकेको निशेधित क्षेत्र तथा छिमेकिलाई असर पर्ने गरी घर छेउ, चोक लगायतका क्षेत्रमा फोहोर फाल्नेका हकमा | १५००।० | फोहोर उठाउन लागेको रकम समेत थप लिने |
| ४ | निशेधित प्लास्टिक प्रयोगमा ल्याउनेको हकमा प्रथम पटककालागि | २५०।० | पुन दोहोर्याएमा प्रति पटक दोब्बर हुँदै जाने |
| ५ | जथाभावी चौपाया छोड्नेका हकमा प्रतिदिन प्रति चौपाय (कान्जी हाउसको व्यवस्थापन वापत) | | ७ दिन सम्म पनि चौपाया लिन चौपाय धनी नआएमा नगरपालिकाले लिलाम गर्ने छ । |
| ५.१ | खसि, बाखा, भेडा च्यांग्राआदी | १००।० | पाठापाठिको हकमा खुराकी खर्च प्रति दिन रु ७५।० |
| ५.२ | गाई, गोरु, रांगा, भैसी, घोडा, सुंगुर बंगुर घरपालुवा कुकुर, लगायत | २००।० | खुराकी खर्च थप रु १००।० प्रतिदीन ।<br>बाछा बाछि र पाडापाडिको हकमा सो को ५० %थप |

प्रज्वल अधिकारी
अधिकृतस्तर आठौं

# गौरादह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा

कोशी प्रदेश, नेपाल

प्र.सं. २०८३/०८४

च.नं.

मिति- २०८३/०६/२१

| | | | |
|---|---|---|---|
| ५.३ | माथि उल्लेखित बाहेकका चौपायाको हकमा | १५०।० | खुराकी रु १००।० प्रतिदिन । |
| ५.४ | हांस तथा कुखुरा प्रति गोटा | ५०।० | |
| ६ | **सम्पती कर, भूमिकर/मालपोत तथा व्यवसाय कर बक्यौता चालु आर्थिक वर्षको स्विकृतदर रेटमा** | | |
| ६.१ | एक बर्ष सम्मको बक्यौताका लागि | १० % | |
| ६.२ | दुई बर्ष सम्मको बक्यौताका लागि | २०% | |
| ६.३ | तीन बर्ष वा सो भन्दा माथिको बक्यौताका लागि | ३०% | |
| ७ | **झुट्टा विवरण पेश गर्नेकालागि** | | |
| ७.१ | सम्पतिको विवरण | मुल्याङ्कनको थप ०.१ % | |
| ७.२ | उद्योग, व्यापार तथा व्यवशायको विवरण | मुल्याङ्कनको थप ०.१ % | |
| ७.३ | नगरपालिकाले मागेका अन्य विवरण | ५००।० | |
| ७.४ | घर बाटो सिफरिसको विवरणको हकमा | ७००।० | |
| ८ | म्याद भित्र विवरण उपलब्ध नभएमा लिईने थप शुल्क | | |
| ८.१ | प्रथम बर्ष | १० % | |
| ८.२ | दास्रो र तेस्रो बर्ष | २०% | |
| ८.३ | चौथो र पाँचौ बर्ष | ३०% | |
| ९ | अर्कालाई अप्ठेरो पार्ने नियतले रुख, पर्खाल लगाउने, घर टहरा निर्माण गर्ने | | नगरपालिकाले हटाउंदाको खर्च समेत थप गरि लिने |
| ९.१ | रुख बिरुवा लगाउनेलाई | १०००।० | |
| ९.२ | पर्खाल लगाउनेलाई | ३०००।० | |
| ९.३ | घर टहरा वनाउनेलाई | ५०००।० | |
| १० | सवै प्रकारका पसल तथा व्यवशाय खोली नगरपालिकामा दर्ता नगरी अनुमति बेगर सञ्चालन गरिरहेको (प्रथम बर्षकालागि) | | |
| १०.१ | १ वर्ष सम्म नआएकोलाई आधार दरमा थप | १० % | |
| १०.२ | २ वर्ष सम्म नआएकोलाई आधार दरमा थप | २५ % | |
| १०.३ | ३ वर्ष सम्म नआएकोलाई आधार दरमा थप | ५० % | यस पछि प्रति बर्ष दोब्बर हुँदै जाने |
| ११ | सार्वजनिक बाटो लागायत साँधसधियारीलाई वाधा अवरोध पुग्ने गरी ढल, नाला, चर्पि, सेफ्टी | १००००।० | १.नगरपालिकाले हटाउंदाको खर्च समेत थप गरि लिने |

प्रज्वल अधिकारी

अधिकृतस्तर आठौं

# गौरादह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गौरादह, झापा
### कोशी प्रदेश, नेपाल

प्र.सं. २०८३/०८४

च.नं.

मिति- २०८३/०६/२१

| | | | |
|---|---|---|---|
| | टैङ्कि बनाउने, निकास थुन्नेलाई | | २. बाटोमा १२ र १३ मा भएको घट्नाका आधारमा हुने सम्भावित हानि नोक्सानीको जिम्मेवारी समेत संबन्धित ब्यक्ति बाटै असुल उपर गर्ने |
| १२ | इजाजत बेगर सडकमा माटो, गिटी बालुवा तथा ढुङ्गा लगायतका सामान राख्ने वा राखि आफ्नो प्रयोगमा ल्याउने लाई | १०००0।0 | |
| १३ | इजाजत बेगर सडकमा गाई बस्तु बाँध्ने, | १०००।० | |
| १४ | विना अनुमति सार्वजनिक सम्पतिको हानि नोक्सानी, अतिक्रमण वा अपचलन गर्ने | २५०००।० | त्यस सम्पतिलाई दुरुस्त पार्न लाग्ने खर्च समेत थप |
| १५ | विना अनुमति सार्वजनिक जग्गामा वा त्यस्तो जग्गा मिचि घर, टहरा आदी निर्माण गर्ने साथै सार्वजनीक स्थान, बाटो, घोडेटो, गोरेटो घेर्नेलाई | १००००।० | घर टहरा भत्काउदा र हटाउँदा लागेको खर्च समेत असुल गर्ने |
| १६ | कुनै किसिमका यन्त्र उपकरण जोडि वा कुनै उपकरण वा मनोरञ्जनका साधन द्वारा छर छिमेक वा समाजमा शान्ति भङ्ग हुने कृयाकलाप गर्नेलाई | १०००।० | हटाउन लाग्ने खर्च समेत असुल गर्ने |
| १७ | पसलहरूमा मूल्य सूची नराख्नेलाई (प्रथम पटकको हकमा मूल्य सूची राख्ने प्रतिपद्धता पत्रमा हस्ताक्षर गराउने र दाश्रो पटक बाट कार्यान्वयन गर्ने) | २०००।० | व्यवशायको प्रकृति हेरी अनुगमन टोलिको सिफारिसमा कार्यपालिकाले निर्णय गर्ने |
| १८ | सिंचाईको सुविधा समेत भएको आफ्नो नाममा रहेको खेति योग्य जग्गा जमिन नगरपालिकाको अनुमति बेगर बाँझो राख्नेलाई सम्बन्धित जग्गाको कुल भूमिकरको | ५०% | प्रथम पटक सूचना दिने र सो सूचनाको अवज्ञा गरेमा दाश्रो पटक बाट असुल गर्ने |
| १९ | नगरपालिकाको अनुमति बेगर निशेधित क्षेत्र बाट ढुङ्गा, गिट्टी, बालुवा, माटो लगायतका चिज बस्तु चोरी निकासी गरेमा वा निकालेमा | | |
| १९.१ | प्रति ट्याक्टर | ५०००।० | एक पटक भन्दा बढी हुँदै गए प्रति पटक दोब्बर हुँदै जानेछ |
| १९.२ | प्रति टिपर | १००००।० | |
| १९.३ | नगरपालिकाको अनुमति नलिई नदी जन्य सामाग्रिको हकमा नम्बरी जग्गा बाट समेत निकाल्न पाईने छैन यदी निकालेको हकमा संबन्धित जग्गा धनीलाई एक मुष्ठ | ५०००।० | एक पटक भन्दा बढी हुँदै गए प्रति पटक दोब्बर हुँदै जानेछ |
| २० | नगरपालिकाको स्वीकृति विना जग्गा प्लटिङ गर्ने | | |
| २०.१ | नगरपालिकाले किटान गरेको मुख्य शहरी क्षेत्रमा (प्रति धुर) | ५०००।० | |
| २०.२ | नगरपालिकाले किटान गरेको शहर उन्मुख बजार क्षेत्रमा (प्रति कठ्ठा) | ५०००।० | |

प्रज्वल अधिकारी
अधिकृतस्तर आठौं

# गौरादह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा
कोशी प्रदेश, नेपाल

प्र.सं. २०८३/०८४
च.नं.

मिति- २०८३/०६/२१

| | | | |
|---|---|---|---|
| २०.३ | मूख्य शहरी क्षेत्र र शहर उन्मुख बजार क्षेत्र बाहेकका ग्रामिण क्षेत्रमा (प्रति कठ्ठा) | २०००।० | |
| २१ | विना अनुमति विद्यालय तथा कक्षा सञ्चालन गर्ने विद्यालय | | |
| २१.१ | पूर्व प्राथमिक विद्यालय | ५००००।० | |
| २१.२ | आधारभुत तह | १०००००।० | |
| २१.३ | माध्यमिक तह | २५००००।० | |

**नोटः** क. दुई पटक भन्दा बढी नगरपालिकाको आदेश नमान्नेलाई तोकेको जरिवानामा थप जरिवाना स्वरुप रु ५००।० देखि २५००।० सम्म **आदेशको अवज्ञा जरिवाना** लिने साथै निजको हकमा नगरपालिका बाट दिईने वा उपलब्ध हुने सवै प्रकारका सेवा सुविधा बन्द गर्न सक्ने ।

ख. एक पटक जरिवाना भोगिसकेको व्यक्ति वा संस्थाले पुन सोहि प्रकारको गल्ति दोहोऱ्याएमा प्रति पटक दोब्वर जरिवाना गरिने ।

ग. फोहोरमैला व्यवस्थापनको हकमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली २०७० तथा अन्य बाँकीको हकमा प्रचलित कानून तथा नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

घ. माथि उल्लेख गरिए बाहेकका कुनै पनि क्षेत्रमा जरिवाना गर्नु पर्ने अवस्था आएमा राजश्व परामर्श समितिको शिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम उपरोक्त दरहरूमा नघट्ने गरी तोक्न सक्नेछ । तर कारणबस तत्काल जरिवाना गर्नुपर्ने भए कार्यपालिकाले पछि अनुमोदन गर्ने गरी अनुगमन टोली वा राजश्व परामर्श समितिको संयोजकको सुझाव तथा निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले जरिवाना तोकि असुल उपर गर्न बाधा पुगेको मानिने छैन ।यसरी गरिएको जरिवाना नगर कार्यपालिकाबाट अनुमोदन गर्न भने अनिवार्य हुनेछ।तरदण्ड जरिवाना सगँ सम्बन्धित विषगत क्षेत्रको विधेयक कानुन कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम असुल गर्नुपर्नेछ।

प्रज्वल अधिकारी
अधिकृतस्तर आठौं